# विशेष शिक्षासम्बन्धी अपाङ्ग महासंघ तथा सरोकारवालाहरुसंग प्रदेशस्तरीय छलफल गोष्ठी

मिति २०७५।०९।०१०

विशेष शिक्षासम्बन्धी अपाङ्ग महासंघ तथा सरोकारवालाहरुसंग प्रदेशस्तरीय २ दिने छलफल गोष्ठी मन्त्रालयको आयोजनामा इटहरीमा मिति २०७५।०९।१० मा सम्पन्न भयो । उक्त गोष्ठीमा प्रदेश १ का १४ वटै जिल्लाबाट शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख, लेखाजोखा संयोजक, स्रोत शिक्षक, अपाङ्ग महासंघ तथा सामाजिक विकास मन्त्रालयका कर्मचारीहरुको सहभागिता रहेको थियो । अपाङ्गता भएका विद्यार्थीहरु अध्ययनरत स्रोतकक्षाहरुको यथार्थ अवस्था बारे सरोकारवालाहरुसंग छलफल गरी आगामी दिनमा यस विषयमा गर्नु पर्ने कार्यहरुका लागि सुझाव संकलन गर्ने सन्दर्भमा यो छलफल गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीको उद्घाटन सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ का माननीय मन्त्री जीवन घिमिरेज्युबाट भएको थियो । उद्घाटन सत्रमा समन्वय इकाइ प्रमुखज्युहरुबाट केही जिल्लाको जिल्लागत प्रस्तुती पछि लेखाजोखा संयोजक तथा स्रोत शिक्षकहरुबाट आफुहरुले गर्ने गरेका कार्यहरु र त्यस क्षेत्रमा देखिएका समस्याहरुको प्रस्तुती गर्नु भएको थियो । प्रस्तुती पश्चात माननीय मन्त्रीज्युबाट यस विषयमा आवश्यक सुझाव तथा निर्देशन प्राप्त भएको थियो । गोष्ठीमा विशेष शिक्षासम्बन्धमा सामाजिक विकास मन्त्रलायको तर्फबाट उपसचिव श्री सूर्यप्रसाद सुवेदी र अपाङ्ग महासंघ नेपालको तर्फबाट श्री विमल वस्नेत बाट १/१ वटा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने उक्त दुवै कार्यपत्र माथि मन्त्रालयको उपसचिव श्री फणिन्द्र खत्री उपसचिव श्री दुर्गा भण्डारी बराल शाखा अधिकृत श्री हिक्मतबहादुर बस्नेत तथा विराट बहिरा मा.वि. का व्यवस्थापक श्री अशोककुमार कालाखेतीज्युले टिप्पणी गर्नु भएको थियो । उक्त २ दिने गोष्ठीमा अपाङ्गता भएका विद्यार्थीहरु अध्ययनरत स्रोतकक्षाहरुको जिल्लागत यथार्थ अवस्था र आगामी दिनमा यसको व्यवस्थापनका लागि थप सुझावहरु प्राप्त भएको थियो । गोष्ठी उद्घाटन सत्रको अध्यक्षता सामाजिक विकास मन्त्रालय प्रदेश १ का सचिव श्री हरिप्रसाद दाहालज्युले गर्नु भएको थियो भने कार्यक्रमको उद्घोषण विशेष शिक्षा शाखाको शाखा अधिकृत तारा शर्माले गर्नु भयो ।